# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ३१५ | काठमाडौं | बिहिबार, १ चैत २०८० | Prabhab National Daily | Thursday, March 14, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


प्रदेश सरकार पुनर्गठनको तयारी

# कोशी मध्यावधिको डिलमा बागमती र गण्डकीमा मुश्किल

- प्रदेशहरूमा सरकार पुनर्गठनको गृहकार्य थाल्दै सत्ता गठबन्धन
- कोशी सरकार धारा १६८ को (५) अनुसार गठन भएको, अब ७ अनुसार मध्यावधि कि के ? अन्यौलता
- बाग्मती र गण्डकीमा सत्ता गठबन्धनलाई सरकार गठन गर्न एक/एक सिट अभाव
- मधेस, लुम्बिनी, कर्णाली र सुदूरपश्चिममा स्पष्ट बहुमत

■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाललाई संसदको विश्वास रहेको बुधबार परीक्षण भएपछि सत्ता गठबन्धनलाई प्रदेशहरूमा सरकार पुनर्गठनको बाटो खुला भएको छ । पुनर्गठन हुने प्रदेश सरकारमा नेकपा एमाले समेटिने छ । एमाले वर्तमान गठबन्धनको प्रमुख साझेदार दल पनि हो ।

एमाले उपमहासचिव पृथ्वीसुब्बा गुरुङका अनुसार प्रदेशहरूमा सरकार पुनर्गठनको पहल अब सुरु हुने छ । 'प्रधानमन्त्रीले विश्वासको मत लिइसक्नुभयो । यसपछि त प्रदेश सरकार पुनर्गठन हुने हो', उनले प्रभावसँग भने, 'सम्भवत: केही दिनभित्रै पुनर्गठन भइसक्ने छ ।'

### राजीनामा नदिने मुडमा केदार

एमालेले कोशीमा मुख्यमन्त्री केदार कार्कीको राजीनामा मागिसकेको छ । कार्की राजीनामा दिने मुडमा देखिएका छैनन् । बरु, उनले मध्यावधि चुनाव हुने भनेर भाषण गरिरहेका छन् । संविधानको धारा १६८ को उपधारा (५)अनुसार उनी नेतृत्वको सरकार गठन भएका कारण अबको विकल्प नै उपधारा (७)मा टेकेर मध्यावधि निर्वाचन रहेको कार्कीले बताउँदै आएका छन् ।

प्रदेशस्थित माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो पनि कोशीमा सरकार पुनर्गठनको आधारबारे कानुनी रूपमा स्पष्ट भइनसकेकेको बताउँछन् । त्यही भएर एकातिर संवैधानिक कानुनका जानकारहरूसँग परामर्श लिने र अर्कातिर गठबन्धन दलका केन्द्रीयस्तरबाट आउने निर्णयको प्रतिक्षारत रहेको बताए ।

'२८ असार २०७८ मा सर्वोच्चले गरेको फैसलालाई आधार मान्दा त संसदमा सरकार बन्ने अवस्था छउञ्जेलसम्म सरकार गठनको अभ्यास गर्नुपर्छ । जस आधारमा त सरकार बन्छ', उनले भने, 'तर , ५ अनुसार सरकार पहिल्यै गठन भयो अब उपधारा ७ अनुसार मध्यावधि चुनावमा जानू भनेर भोलि न्यायालयबाट विवेचना भयो भने समस्या आउँछ । जसले गर्दा हामी नेताहरूको निर्णय कुरिरहेका छौं ।'

कोशीमा सरकार पुनर्गठन गरिएको अवस्थामा नयाँ गठबन्धनलाई स्पष्ट बहुमत छ । त्यहाँ एमालेको ४० जना, माओवादीको १३ जना र नेकपा एकीकृत समाजवादीको चार जना सांसद छन् । प्रदेश संसद्मा भने ९३ सांसद हो । सरकार गठन ४७ जना सांसदको समर्थनले सम्भव छ । तर, गठबन्धन दलहरूको सांसद संख्या आवश्यकताभन्दा बढी सांसद छन् । एमालेको ४०, माओवादीको १३, नेकपा एसको ४ र जसपाको एक जना गरी ५८ जना सांसद छन् । यसले गर्दा त्यहाँ नयाँ गठबन्धनको सरकार बन्नेगरिको बहुमत देखिएको छ ।

### मधेशमा कांग्रेस हटाउने तयारी

कोशीको छिमेकी प्रदेश मधेशमा जसपा नेतृत्वको सरकार छ । १०७ सिट रहेको मधेशमा सरकार गठनका लागि ५४ सिट आवश्यक हुन्छ । त्यहाँ एमालेको २३, जनता समाजवादी पार्टीको १८, नेकपा माओवादी केन्द्रको ९, नेकपा एसको ७ र नागरिक उन्मुक्ति पार्टीको एक जना सांसद छन् । यहाँ यी दलहरूका सांसद संख्या ५८ पुग्छ ।

एमाले मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादवले केही दिनमै सरकारमा जाने बताए । त्यसअघि भने मन्त्रालय बाँडफाँट आवश्यक रहेको बताए ।

'गठबन्धन सरकार बनाउने कसरतमै छौं । तर मन्त्रालय बाँडफाँट भइसकेको छैन', यादवले भने, 'भएलगत्तै सरकार पुनर्गठन हुन्छ ।'

(क्रमश: पृष्ठ ५ मा)

सहकारी ठगी प्रकरण

# लामिछानेको बचाउमा प्रधानमन्त्री



नियमअनुसार स्वार्थ बाझिने मुद्दामा न्यायाधीशले फैसला गर्न मिल्दैन । तर उहाँ (प्रधानमन्त्री) ले ठ्याक्कै आफ्नो मुद्दामा आफै न्यायाधीश हुन पाउनेगरी उथलपुथल हुनेगरी गृहमन्त्री बनाउनु भएछ

■ **सुशीला थिङ**
सचेतक, नेपाली कांग्रेस





■ प्रभाव संवाददाता

**काठमाडौं–** गठबन्धन जोगाउन नसकेपछि प्रमुख प्रतिपक्षी कित्तामा पुगेको नेपाली कांग्रेसले सहकारी प्रकरणको मुद्दामा गृहमन्त्री रवि लामिछानेलाई निशाना साँधेका छन् । प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत माग्नुअघि नै बुधबार कांग्रेस संसदीय दलकी सचेतक सुशीला थिङले सरकारमा लामिछानेको 'इन्ट्री'बारे प्रश्न गरेकी हुन् ।

'सहकारी ठगीमा जोडेका, पोखरा पोखरा महानगरपालिकाले प्रतिवेदन दिएर अनुसन्धानमा रहेकालाई गृहमन्त्री बनाएर साँच्चिकै उहाँले उथलपुथल गरेर ल्याउनुभएछ,' कांग्रेस सचेतकसमेत रहेकी थिङले प्रश्न गरिन्, 'के नेपाल सरकारका प्रहरीले गृहमन्त्रीलाई स्यालुट गर्दै अनुसन्धानमा आफ्नो मुद्दामा आफैलाई दोषी हो भन्ने ठहर हुने गरी यो अनुसन्धान होला कि नहोला ?'

प्रधानमन्त्रीले मत माग्नुअघि नै विरोधमा कांग्रेस सांसदहरू उभिएपछि सभामुख देवराज घिमिरेले थिङलाई बोल्ने समय दिएका थिए । दाहाल नेतृत्वको सरकारमा फेरि उपप्रधान तथा गृहमन्त्री बनेका लामिछानेको 'कनेक्सन' सूर्यदर्शन बचत तथा ऋण सहकारीका सञ्चालक जीबी राईसँग देखिन्छ । राईले बचतकर्ताको १६ अर्ब रूपैयाँ रकम अपलचन गरेको देखिएको छ । हाल उनी फरार छन् । यो प्रकरणमा माओवादी नेतासमेत रहेका पूर्व उपराष्ट्रपति नन्दकिशोर पुनका छोरा दिपेश पुन पनि जोडिएका छन् ।

गृहमन्त्री लामिछानेमाथि पनि सहकारी ठगीको आरोपमा सिआइबीले अनुसन्धान गरिरहेको छ । जबकि सिआइबीको नेतृत्वमा भने उनी नै पुगेका छन् । यसअघि लामिछाने दोहोरो नागरिकता लिएको आरोप चलिरहँदा गृहमन्त्री बनेका थिए । उनले दोहोरो नागरिकता लिएको पुष्टि भएपछि उनको सांसद पद, मन्त्री पद एकैचोटि गएको थियो । गत वैशाख १२ गतेको उपनिर्वाचनबाट लामिछाने पुन: चितवन-२ बाट निर्वाचित भएका हुन् ।

उनीबारे राहदानी दुरूपयोगमा सर्वोच्च अदालतको संवैधानिक इजलासमा मुद्दा विचाराधीन छ । सँगै प्रधानमन्त्री कार्यालय मातहत रहेको सम्पत्ति शुद्धीकरण विभागले पनि लामिछानेविरुद्ध सम्पत्ति शुद्धीकरणमा समेत छानबिन गरिरहेको छ । यस्तो अवस्थामा स्वार्थको द्वन्द्व बाझिने गरी गृहको नेतृत्वमा लामिछाने आएको थिङको प्रश्न थियो । 'नियमअनुसार स्वार्थ बाझिने मुद्दामा न्यायाधीशले फैसला गर्न मिल्दैन । तर उहाँले ठ्याक्कै आफ्नो मुद्दामा आफै न्यायाधीश हुन पाउनेगरी उथलपुथल हुने गरी गृहमन्त्री बनाउनुभएछ,' थिङले भनिन् ।

यतिमात्र हैन, कांग्रेसको नेतृत्व गर्दै कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले पनि लामिछानेमाथि निशाना साँधे । गत निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले पुराना दलका नेताहरूलाई 'नो नट अगेन' अभियान चलाउँदै मत नहाल्न उर्दी गरेको थियो । यसै विषयमा शर्माले रास्वपा पुन सरकारमा गएकोप्रति प्रश्न गरेका हुन् । 'चुनावमा जाँदा नो नट अगेन, कुनै यी देखिएका बूढा अनुहार प्रधानमन्त्री बन्नुहुन्न अनि कहिले बालुवाटार कहिले खुमलटार, अहिले त अगेन एन्ड अगेन, सरकारमा फेरि पनि फेरि पनि,' शर्माले भने

मिसन २०८४ लिएर हिँडिरहेका नयाँ दलहरूलाई वर्तमानतिर ध्यान दिनसमेत शर्माले आग्रह गरे । 'यो देशमा केही भएको छैन, २०८४ मा हामी आउँछौं र बनाउँछौं भन्ने दलहरू विभिन्न परियोजनाको पदयात्रामा जाँदा देशमा केही भएको होइन कि केही भइरहेको छ तर ढिलो भइरहेको छ भन्ने उनीहरूमा ज्ञान आएको छ,' शर्माले भने । यी विषयमा कारबाही चित्तबुझ्दो जवाफ नआए सदन चल्न नदिने चेतावनीसमेत कांग्रेसको छ ।

(क्रमश: पृष्ठ २ मा)

## तेस्रो पटक १५७

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री दाहालले प्रतिनिधिसभाबाट तेस्रो पटक विश्वासको मत पाएका छन् । प्रतिनिधिसभाको बुधबारको बैठकमा प्रधानमन्त्रीले प्रस्तुत गरेको विश्वासको मतसम्बन्धी प्रस्तावको पक्षमा १५७ मत र विपक्षमा ११० मत प्राप्त भएको हो ।

२६८ सांसद् उपस्थित भएकोमा नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनमत पार्टीलगायतले प्रधानमन्त्रीको विपक्षमा मतदान गरेका हुन् ।

प्रधानमन्त्री दाहाललाई सत्ता साझेदार नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ७५, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को ३२, राष्ट्रिय स्वतन्त्र पार्टीको २१, जनता समाजवादी पार्टी नेपालको १२, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को १०, नागरिक उन्मुक्ति पार्टीको ४ सांसदले विश्वासको मत दिएका हुन् ।

(क्रमश: पृष्ठ २ मा)

सन्दर्भ: वैदेशिक रोजगार

# रिजालको संयोजकत्वमा समिति सत्यतथ्य बुझ्न २१ दिने म्याद

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार व्यवस्थापनसँग सम्बन्धित विभिन्न विषयमा देखिएका विवादबारे अध्ययन गर्न समिति गठन गरेको छ । वैदेशिक रोजगारसँग सरोकार राख्ने विषयमा विभिन्न सञ्चारमाध्यम, कामदार, सरोकारवाला संघसंस्थाबाट उठाइएको अवाज तथा गुनासो सम्बोधन गर्न भन्दै मन्त्रालयले सहसचिव गोविन्दप्रसाद रिजालको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको हो ।

मन्त्रालयले बुधबार एक विज्ञप्ति जारी गर्दै प्रधानमन्त्रीबाट आएको निर्देशन, विभिन्न सञ्चारका माध्यममा आएका समाचार, श्रमिक/कामदार स्वयंबाट आएका गुनासा एवम् सरोकारवालाहरूको चासो र सुझावसमेतलाई मध्यनजर गर्दै उल्लेखित विषयमा अध्ययन गर्न समिति गठन गरिएको बताएको छ । उक्त समितिलाई २१ दिनभित्र राय सुझावसहितको प्रतिवेदन पेश गर्ने समयावधि दिइएको छ ।

विशेषगरी पूर्व प्रस्थान अभिमूखीकरण तालिमको शुल्क, वैदेशिक रोजगारीमा जाने दक्ष श्रमिकका लागि अंग्रेजी भाषा आवश्यक हुनेसम्बन्धी विषय, दक्षिण कोरियामा इपीएस प्रणालीबाट कामदार पठाइरहेको अवस्थाका वीच इ-७ भिसामा समेत कामदार पठाउने विषय, विभिन्न देशबाट कामदार माग भई आएकोमा मन्त्रालयबाट गठन भएको समितिबाट माग प्रमाणीकरण गर्ने सम्बन्धमा विवादास्पद देखिएको मन्त्रालयले औंल्याएको छ ।

प्रत्येक वर्ष श्रम बजारमा भित्रिने युवाहरू बाध्यात्मक रूपमा विदेशिनु परिरहेको हालको अवस्थालाई न्यूनीकरण गर्दै क्रमश: आन्तरिक रोजगारीका अवसरमार्फत् प्रतिस्थापन गर्ने उदेश्य रहेको भन्दै मन्त्रालयले अध्ययन समितिको प्राप्त प्रतिवेदनको सुझाव तथा निर्णयको समीक्षा गर्ने र आवश्यक कार्यान्वयनमा लैजाने जनाएको छ ।

यसअघि निवर्तमान श्रममन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगारीको लागि जाने श्रमिकमाथि आर्थिक भार थोपरिने गरी विभिन्न निर्णय गरेको भन्दै चौतर्फी आलोचना भएको थियो । भण्डारीले गरेका निर्णय विवादित र श्रमिकमैत्री नभएको भन्दै आवाज उठेपछि प्रधानमन्त्री पुष्पकमल दाहालले तत्काल कुनै पनि निर्णय कार्यान्वयन नगर्न र कतिपय विषयहरू विस्तृत अध्ययन गरेर मन्त्रिपरिषदमा जानकारी गराउन १६ बुँदे निर्देशन दिएका थिए । प्रधानमन्त्री दाहालले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई पूर्वप्रस्थान अभिमुखीकरण तालिमलगायत अन्य तालिम नि:शुल्क गर्ने व्यवस्था मिलाउन, वृद्धि भएको भनिएको शुल्क श्रमिकबाट नलिई यथावत राख्न, वैदेशिक रोजगार बोर्ड र मलेसियाको फरेन वर्कर्स वेलफेयर म्यानेजमेन्ट सेन्टर (एफडब्लुडब्लुएमसी) बीच भएको वैदेशिक रोजगारका विषयमा भएको भनिएको सम्झौतालाई कार्यान्वयन नगर्न, जापान, बेलायतलगायत अन्य युरोपियन मुलुकमा वैदेशिक रोजगारीमा पठाउने प्रक्रियागत व्यवस्थालाई सरलीकृत गर्न, कोरियामा इपीएस प्रणालीबाट मात्र नेपाली श्रमिक पठाउने व्यवस्था भएकोमा ई-७ भिसालाई समेत सोही प्रणालीमार्फत पठाउने व्यवस्था मिलाउन, पुराना श्रम सम्झौताको समसामयिक नवीकरण र नयाँ गन्तव्य मुलुकसँग श्रम सम्झौता गर्ने कार्यलाई प्राथमिकता दिन, कामको सिलसिलामा विदेशमा चोटपटक वा अंगभंग तथा घाइते बिरामीको उपचार तत्काल गराउने व्यवस्था मिलाउन, वैदेशिक रोजगार ऐन, २०६४ पूरानो भएको भएकोले यसलाई श्रमिकमैत्री हुनेगरी आगामी हिउँदे अधिवेशनमा विधेयक पेश गर्ने गरी तयारी गर्नलगायतका १६ बुँदे निर्देशन दिएका थिए ।

प्रधानमन्त्रीको निर्देशनका बावजुद तत्कालिन अवस्थामा कुनै उल्लेख्य प्रगति नदेखिए पनि सत्ता समिकरण परिवर्तन भएर डोलप्रसाद(डीपी) अर्याल मन्त्रालयको मन्त्री बनेपछि विवादित विषयको अध्ययन र समस्या समाधानको लागि समिति गठन गरेर कार्यसम्पादनको सुरुआत गरेका छन् ।

## प्रवक्ताको जिम्मेवारी पनि

**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सह-सचिव गोविन्दप्रसाद रिजाललाई प्रवक्ताको जिम्मेवारी दिएको छ । नवनियुक्त मन्त्री अर्यालले श्रम सम्बन्ध तथा सामाजिक सुरक्षा महाशाखा प्रमुख रिजाललाई प्रवक्ताको जिम्मेवारी दिएका हुन् ।



यसअघि रोजगार व्यवस्थापन महाशाखा प्रमुख रहेका सह-सचिव राजिव पोखरेलले प्रवक्ताको जिम्मेवारी पाएका थिए । निवर्तमान श्रममन्त्री भण्डारीले तत्कालीन प्रवक्ता डण्डुराज घिमिरेलाई वैदेशिक रोजगार विभागको महानिर्देशक बनाएर पठाएपछि पोखरेललाई प्रवक्ता बनाएका थिए ।




## पृष्ठ १ बाट क्रमशः

### लामिछानेको...

वर्तमान प्रधानमन्त्री र पूर्व प्रधानमन्त्री मिलेर उपप्रधान र गृहमन्त्री बनाउनुभएछ ? जसलाई गृहमन्त्री बनाउनुभएको छ, उहाँलाई सहकारीको करोडौं ठगी गरेको आइरहेको छ,' केसीले भने । सबैले समर्थन गर्दा पनि आफ्नो पार्टीले समर्थन नगरेको भन्दै केसीले दाहाल नेतृत्वको सरकारलाई समर्थन गर्न नसकिने बताए । 'कसैले सुन चोर्ने ? कसैले सहकारी चोर्ने ? कोही मिटरब्याजी बन्ने ? यसैका लागि हो सरकार ?' उनले प्रश्न गरे । अघिल्लो पुस २६ गते कांग्रेसले समेत मत दिँदा पनि जनमोर्चा दाहाल सरकारको विपक्षमा उभिएको थियो । त्यतिबेला २७५ सांसद रहेको प्रतिनिधिसभामा २६८ मत दाहालले पाएका थिए ।

**प्रधानमन्त्री दाहाल भने बचाउमा**

प्रधानमन्त्री दाहालले भने उपप्रधान तथा गृहमन्त्री लामिछानेको बचाउ गरेका छन् । 'आफूतिर आए प्रधानमन्त्री दिने, नआए भ्रष्टाचारी ?' कांग्रेसलाई प्रधानमन्त्रीको जवाफ थियो । प्रधानमन्त्री दाहालले कांग्रेसको डबल स्ट्यान्डले आफू आजित भएकोसमेत बताए । 'तीनै (रवि लामिछाने)लाई प्रधानमन्त्री बनाउन हिँडेको देखिरहेका छौं,' दाहालले भने, 'आफूतिर आए प्रधानमन्त्री बनाउन तयार, नआए भ्रष्टाचारी, कारबाही गर्नुपर्छ, यस्तो डबल स्ट्यान्ड ।'

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले पनि गृहमा लामिछानेको नेतृत्वमाथि प्रश्न उठाएका छन् । 'नागरिकता दुई वटा मान्छे, पासपोर्ट दुईवटा भएको मान्छेलाई निर्वाचनले सांसद बनाए ।

■■■

### तेस्रो पटक

त्यसैगरी प्रभु साह, अमरेशकुमार सिंह, योगेन्द्र मण्डलले पनि दाहालको पक्षमा मत दिए ।

माओवादी केन्द्रका अध्यक्षसमेत रहेका दाहाल २०७९ साल पुस १० गते प्रधानमन्त्रीमा चयन भएका थिए । उनले पहिलो पटक २०७९ पुस २६ गते विश्वासको मत लिएका थिए । त्यतिबेला दाहाललाई नेपाली कांग्रेस, राप्रपा र जनमतलेसमेत मत दिएका थिए ।

राष्ट्रपति निर्वाचनका क्रममा सत्ता गठबन्धन परिवर्तन भएसँगै प्रधानमन्त्री दाहालले दोस्रोपटक २०७९ चैत ६ गते पुनः प्रतिनिधिसभाबाट विश्वासको मत लिए । त्यतिबेला एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि १७२ मत प्राप्त गरेका थिए ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मितिः २०८०/१२/०१**

यस कम्पनीको मिति २०८०/१०/१० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **फोर फ्रेण्डस टूर्स एण्ड ट्राभल्स प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **फ्लाई ड्रिम्स एड्भेन्चर प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/१०/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **फ्लाई ड्रिम्स एड्भेन्चर प्रा.लि.** (प्रा.लि.नं.११३८७६) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## कम्पनी खारेजी सूचना

यस कार्यालयमा मिति २०७९/०३/१९ मा दर्ता भएको प्रा.लि.नं. २९३३३० को **ग्रिन फ्रेस एग्रिकल्चर फार्म प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/११/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABU DHABI MAINTENANCE AND CONSTRUCTION COMPANY LLC

पूर्व स्वीकृति मिति २०८०/११/३० LT. No. 301572 चलानी नं.६०२१६४४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Black smith | 5 | 0 | 1200 | ४३,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Brick Layer | 6 | 0 | 1200 | ४३,३१० | | | | | | | |
| 3 | Brick Mason | 2 | 0 | 1200 | ४३,३१० | | | | | | | |
| 4 | House Builder | 3 | 0 | 1200 | ४३,३१० | | | | | | | |
| 5 | Tile Layer | 6 | 0 | 1200 | ४३,३१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत ८ गते (21st Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Avion Human Resource Management Pvt. Ltd.
AVION श्रम इजाजत नं. १५२४/०७४/७५
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.
Tel No.: +977 1 4599632, 4584744 Fax: +977-1-4479363
Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : OERLIKON BALZERS COATING MALAYSIA SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/०८ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/३० LT. No. 282971 चलानी नं. ६०२०४२४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 8 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत ८ गते (21st Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic. No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com

## मलेसियामा शुन्य लागतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CRADOTEX TECHNOLOGY SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०३/१८ LT. No. 288892 चलानी नं. ६०२१६४५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत ८ गते (21st Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np


## Naraharinath Rural Municipality
### Office of the Rural Municipal Executive
Kumalgaun, Kalikot
Karnali, Province

## LETTER OF INTENT (LOI)

*Date of Publication:2080/12/01*

This is to notify (as per Section 27 (2) of Public Procurement Act 2063) to all Concerned bidders that, we are going to award following contract as per Published on Madhyanha National Daily dated on 2080/09/25 and Sourya National Daily dated 2080/10/15, to following bidders selected on substantially responsive lowest evaluated bid fulfilling the qualification criterion:

| Contract Id No. | Name of Project | Substantially responsive lowest evaluated bidder | Bid Amount including VAT (NRs) |
|---|---|---|---|
| NNRM/SNP/G/NCB/02/2080/081 | Procurement of sanitary pad Community School. | Jasmine Hygiene Products Pvt. Ltd. Balbhadra Chowk Dharan Road | 954782.20 |
| NNRM/G/SPNTB/SQ/03/2080/081 | Procurement of Fabricate Steel Part for and transportation upto road head site of Nipane Trail Bridges | Junkiri Industries PVT. Ltd. Rupandehi Butawal Nepal | 1531586.13 |
| NNRM/G/SPDTB/SQ/04/2080/081 | Procurement of Fabricate Steel Part for and transportation upto road head site of dallena Trail Bridges | Junkiri Industries PVT. Ltd. Rupandehi Butawal Nepal | 1352990.20 |
| NNRM/G/SPCTB/SQ/05/2080/081 | Procurement of Fabricate Steel Part for and transportation upto road head site of Chisapani Trail Bridges | Junkiri Industries PVT. Ltd. Rupandehi Butawal Nepal | 1006071.20 |

**Chief Administrative Officer**


## युएई/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YAUMI INTERNATIONAL BAKERIES

पुर्व स्वीकृति मिति २०८०/०५/२२ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/३० LT. No. 292260 चलानी नं. ६०२०७४०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery Helper | 20 | 0 | 1100 | ३९७६३ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Sales Assistant | 8 | 0 | 1100 | ३९७६३ | | | | | | | |
| 3 | Van Salesman | 10 | 0 | 1900 | ६८६८१ | | | | | | | |

कम्पनी : AL RASHED FOOD COMPANY LIMITED

पुर्व स्वीकृति मिति २०८०/०६/०७ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/३० LT. No. 292790 चलानी नं. ६०२०८१०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL RASHED FOOD COMPANY LIMITED

पुर्व स्वीकृति मिति २०८०/०८/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/३० LT. No. 295810 चलानी नं. ६०२११११५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 6 | 0 | 1800 | ६३,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : TURKISH ABDULLAH SAAD AL-TURKI FACTORY FOR MANUFACTURING

पुर्व स्वीकृति मिति २०८०/०३/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/३० LT. No. 288457 चलानी नं. ६०२०३८३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत ८ गते (21st Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com


## शारदा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान
कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८०/१२/०१ गते

यस कार्यालय बाट मिति २०८०।१०।२३ गते आह्वान गरिएको बोलपत्र नं. SMONCB/W/04/2080/081 Construction of Business Stall & Foot Path at Buspark (Scheme 1) को सूचना अनुसार म्याद भित्र पर्न आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा न्युनतम् मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्र तपसिल बमोजिम निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।

तपसिल

| ठेक्का नं. | बोलपत्रदाताको नाम ठेगाना | छनोट गरिएको बोलपत्रको विवरण | कबोल अंक (भ्याट र PS बाहेक) | कै |
|---|---|---|---|---|
| SMO/NCB/W/04/2080/081 | Shree Krishna Builder's Pvt. Ltd., Dang | Construction of Business Stall & Foot Path at Buspark (Scheme 1) | Nrs. 52,02,742.09/- (Fifty-Two Lakhs Two Thousands Seven Hundreds Forty-Two Rupees & Nine Paisa Only) | |

प्रमुख प्रशासकीय अधिकृत

## Tadi Rural Municipality
### Office of Rural Municipal Executive
Kharanitar, Nuwakot, Bagmati Province, Nepal

## INVITATION FOR BIDS

**Invitation for Bids No: TRM/W/R/080/81-8**
*First Date of publication: 2080/12/01 (14th March 2024)*

1. Tadi Rural Municipality, Kharanitar, Nuwakot invites electronic bids from eligible bidders for the procurement of following work under National competitive bidding procedures.

| Contract ID no. | Description of Procurement | Bid Security Amount (NRs) | Bid Document Fee(NRs.) | Last date of Bid Submission | Estimated Amount With VAT & PS (NRs) |
|---|---|---|---|---|---|
| TRM/W/R/080/81-8 | Tadi 3 Sthit Kharanitar Aspatal Sadakko Chautara Dekhi Mathillo Chaur Sadak Marmat | 80,000.00 | 3,000.00 | 14th April 2024 until 12:00 Noon | 30,86,672.89 |

2. Eligible Bidders may obtain further information from PPMO egp system and visit website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

*"हल्दीबारी दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"*

## हल्दीबारी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
जलथल, झापा
कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति :- २०८०।१२।०१

यस गाउँपालिका अन्तरगत तपसिल निर्माण कार्यका लागि मिति २०८०/१०/०८ मा प्रकाशित बोलपत्र र ठेक्का आव्हानको सूचना अनुसार तपसिल बमोजिमको सिलबन्दी बोलपत्र न्युनतम् मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहर भइ स्वीकृत गरिने भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| क्र.स | ठेक्का नं | योजनाको नाम | स्वीकृतिको लागि छनौट भएको बोलपत्र दाताको विवरण | घटी कबोल गरेको रकम रु (मु अ कर समेत) |
|---|---|---|---|---|
| 1 | HRM/GOODS/TB/NCB/11-080/81 | Procurement of fabrication package (fabricated Steel Parts for Short Span Trail Bridge, SSTB) At Haldibari Rural Municipality. | Inter tech Pvt. Ltd. Butwal Industrial Butwal-10, Rupandehi | 31,08,071.52 |

प्रमुख प्रशासकीय अधिकृत

## नेपालगंज उप-महानगरपालिका
## वडा नं. ६ को कार्यालय
नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८०/१२/०१**

यस उप-महानगरपालिकाको वडा नं. ६ को तपशिल बमोजिमको ठेक्कामा पर्न आएका बोलपत्रहरु मध्ये न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखीएका तपशिल बमोजिमका बोलपत्रदाता छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का विवरण | छनौट भएको निर्माण ब्यवसायी तथा फर्मको नाम र ठेगाना | स्वीकृत कबोल अंक (रु) |
|---|---|---|---|
| १. | **RCC Drain cover works at difference places of ward no. 6, fultekra बोलपत्र नं. NSMC06/NCB/W01/080-081** | श्री जयनेपाल कन्स्ट्रक्सन, डुडुवा ३, बनकट्टी | रु. २७७८९१८.७५ (भ्याट र पि.एस. बाहेक ) |

**वडा सचिब**

# सरकार र आरती साहको परिवारबीच सहमति

**काठमाडौं (प्रस)**- गृह मन्त्रालय र स्वर्गीय आरती साहका परिवारबीच पाँच बुँदे सहमति भएको छ । घटनाको सत्यतथ्य छानबिन र दोषीउपर कारबाहीको माग राखी गत असार १ गतेदेखि आन्दोलनमा रहेका धनुषाको जनकपुर उपमहानगरपालिका-९ थापाचोककी स्वर्गीय आरती साहका परिवार र गृह मन्त्रालयबीच मंगलबार राति उक्त सहमति भएको काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले जानकारी दिए ।

सहमतिपत्रमा साहको कर्तव्य ज्यानसम्बन्धी हाल अदालतमा विचाराधीन मुद्दालाई समेत मध्यनजर गरी प्राप्त हुन जाने थप प्रमाणहरू कानुनबमोजिम अदालतमा पेस गर्नेगरी थप अनुसन्धान गर्न नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्युरोको टोली खटाउने तथा अनुसन्धान टोलीले मृतक साहको परिवारसँगको समन्वयमा अनुसन्धान गर्ने र कार्य प्रारम्भ गरेको ४५ दिनभित्र प्रतिवेदन पेस गर्नेगरी घटनाको विषयमा अध्ययन गर्ने उल्लेख छ ।

यस्तै अनुसन्धानबाट प्राप्त प्रमाणका आधारमा प्रचलित कानुनबमोजिम पुनः अभियोजनसमेत गर्ने, आरती साहका परिवारलाई राहतस्वरूप आर्थिक सहायता उपलब्ध गराउन गृह मन्त्रालयले आवश्यक, सहजीकरण गर्ने तथा साहका परिवारको तर्फबाट भइरहेको आन्दोलनका कार्यक्रमहरू आजका मितिबाट फिर्ता लिने सहमति भएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८०/१२/०१**

यस कम्पनीको मिति २०८०/०९/२४ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ब्लाक स्ट्रिट बार प्रा.लि./Black Street Bar Pvt. Ltd.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **सेभेन्टी फाइव बार प्रा.लि./Seventy Five Bar Pvt. Ltd.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०९/२५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सेभेन्टी फाइव बार प्रा.लि./Seventy Five Bar Pvt. Ltd.** (प्रा.लि.नं.३१६८७६) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KCK INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०८/२७ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/30 LT. No. 277685 चलानी नं. ६०१९३२६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 9 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ८ गते (21st Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४६५/०७४/०७५

Ever Bright Overseas Pvt.Ltd.

Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759, Mob No: ±9779802326432

Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LONGSON FOOD PRODUCTS SDN.BHD.

पुर्व स्वीकृति मिति २०७९/१२/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/30 LT. No. 284064 चलानी नं. ६०१९९५४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ८ गते (21st Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४५४/०७४/०७५

All-Solution Employment Service Pvt. Ltd.

Basundhara-03, Kathmandu Nepal, Ph No: + 01-4975144/ 4975145, 9851071108

E-mail : info@allsolution.com.np, Web: www.allsoloutionemployment.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PURE ZONE COMPANY FOR MAINTENANCE AND CLEANING

पुर्व स्वीकृति मिति २०८०/११/30 LT. No. 301477 चलानी नं. ६०२१६४०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Roof Cleaning Worker | 2 | 0 | 1000 | ३५,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ८ गते (21st Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

Kapeel Manpower Pvt. Ltd.

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal

Tel: 01-5451901, Fax: 977-1-5542407

Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com

Website: www.kapeelmanpower.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LEONG HUP AGROBUSINESS SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०५/03 पुन विज्ञापन स्वीकृति मिति २०८०/११/30 LT. No.291354 चलानी नं. ६०२०६४८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Poultry Farming | 94 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ८ गते (21st Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Friendship And Cooperation Recruitment Pvt.Ltd

FC श्रम ईजाजत नं. १५८९/०७९/०८०

Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-014493647

E-mail: fcmanpower1589@gmail.com


## श्री बैजनाथ माध्यमिक विद्यालय

**बेदकोट नगरपालिका ०२, कन्चनपुर**

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०६०/१२/०१)

यस कार्यालयको मिति: २०६०/०८/२८ गते प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार Construction of Laboratory Building Works, Bedkot Municipality 02, Kanchanpur (01/NCB/CLB/2080/81) ठेक्काका लागि देहाय बमोजिमको फर्मले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावाग्राही भई बोलपत्र मूल्यांकन समितिको मिति २०८०/१२/३० को सिफारिस र विद्यालय व्यवस्थापन समितिको निर्णय बाट स्वीकृतिका लागि छनोट भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ (१) प्रयोजनार्थ सम्बन्धित सबैका जानकारीका लागि ७ दिने यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का | ठेक्का विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| 01/NCB/ CLB/2080/81 | Construction of Laboratory Building Works, Bedkot Municipality 02, Kanchanpur | Shristi-SKNS JV, Bheemdatt Municipality 04 | रु. १,५८,८७,७६७३० |

प्रधानाध्यापक


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW SWIFT TRADING AND SERVICES

पुर्व स्वीकृति मिति २०८०/११/३० LT. No. 301476 चलानी नं. ६०२१६३९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 4 | 0 | 1000 | ३६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MASHCO GROUP TRADING AND SERVICES

पुर्व स्वीकृति मिति २०८०/११/३० LT. No. 301554 चलानी नं. ६०२१६३९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 3 | 1000 | ३६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1000 | ३६,४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ८ गते (21st Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२६४/०७४/०७५

ALL RAHIM MANPOWER PVT. LTD.

Chandol-4, Chappalkarkhana, Kathmandu, Nepal Tel: +977-1-4544429,

Mob. 9851141406, 9803922236 E-mail: allrahimhr@gmail.com /

info@allrahimmanpower.com, Website : allrahimmanpower.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VALUED PRODUCTS (M) SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/03/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/३० LT. No. 266958 चलानी नं. ६०१८२९१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 158 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

कम्पनी : SENG KEE BANQUET RESTAURANT PLT

पूर्व स्वीकृति मिति २०७९/१२/१८ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/३० LT. No. 283764 चलानी नं. ६०१९९२२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 15 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ८ गते (21st Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BIGYAN Govt. License 1503/074/75

BIGYAN HR MANAGEMENT PVT. LTD.

Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477


**प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**यातायात पूर्वाधार निर्देशनालय**

## पूर्वाधार विकास कार्यालय, झापा

**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८०/१२/०१ गते)**

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार तपसिल बमोजिमको निर्माण कार्यको लागि रितपूर्वक विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np.egp मार्फत दर्ता हुन आएका बोलपत्रहरूमध्ये देहाय बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्किकत सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | आयोजनाको नाम र ठेगाना | छनौट भएको निर्माण कम्पनीको नाम र ठेगाना | कबोल अङ्क भ्याटसहित |
|---|---|---|---|
| IDO-JHP /W/NCB/ MR-28/080-81 | Upgrading of Rana Bakhra Faram to Gyane Chowk Road Bhadrapur-4(Re-bid) | M/S Bishal and Bibek Nirman Sewa, Haldibari, Jhapa | 63,80263.16 |
| IDO-JHP /W/NCB/ MR-46/080-81 | Upgrading of Mahendra rajmarga nagrik stand uttar Akendra Yakpandeng limbuko khet jaane sadak, Jhapa | M/S Jay Rajajibaba Construction and Suppliers, Kathmandu | 27,58,838.83 |
| IDO-JHP /W/NCB/ MR-49/080-81 | Construction of Box culvert at Road from Om Mishra ko Ghar Uttar Wada karyalaya Road Haldibari -3, Jhapa | M/S Jay Rajajibaba Construction and Suppliers, Kathmandu | 21,01,602.84 |
| IDO-JHP /W/NCB/ MR-53/080-81 | Upgrading of Ilam Rangvang Golai-Gauri Gau-Sikari Gau-Baudhatol-Barvanjyang Road, Suryodaya , Ilam | M/S Vintage Construction and Supplers Pvt Ltd, Ilam | 14,48,440.95 |
| IDO-JHP /W/NCB/ MR-54/080-81 | Upgrading of Gorkhedhap- Sanischare -Jogmai -Sankhabung Gumba- Naya Bazar Road Su. Na.Pa., Ilam | M/S Meriska Mallika Nirman Sewa,Ilam | 15,77,540.40 |
| IDO-JHP/W/NCB/ MR-55/080-81 | Upgrading of Su.Na.Pa. 14 Hajure Katuwal Vanjyang-Bardu-Kabune-Simle - Rong-2 Road, Ilam | M/S Bhojka Nirman Sewa, Jhapa | 16,18,808.00 |
| IDO-JHP/W/NCB/ MR-56/080-81 | Construction of Culvert at Lebok-Sundarbesi-Fikkal Road, Suryodaya , Ilam | M/S Mai Bhawani Nirman Sewa,Ilam | 16,88,727.88 |
| IDO-JHP/W/NCB/ MR-57/080-81 | Upgrading of Various Roads within Ilam Municipality ward no 2 and 6, Ilam | M/S Vanja Construction,Ilam | 45,10,862.09 |
| IDO-JHP/W/NCB/ MR-58/080-81 | Upgrading of Various Road within Deumai Municipality Ward no-2,3,5,7, Illam | M/S Saina Construction and Supplier Pvt Ltd, Ilam | 57,08,470.5 |
| IDO-JHP/W/NCB/ MR-59/080-81 | Upgrading of various road within Ilam Municipality ward no 4,8 and 12, Ilam | M/S Vaidya Nirman Sewa, Ilam | 58,54,844.90 |
| IDO-JHP/W/NCB/ MR-60/080-81 | Upgrading of Various Road within Birtamode Municipality 2, 4 & 5 | M/S Numa Nirman Sewa Pvt Ltd,Arjundhara, Jhapa | 77,13,654.00 |
| IDO-JHP/W/NCB/ MR-61/080-81 | Upgrading of Various Road within Ilam Municipality ward no-10, Ilam | M/S Saina Construction and Suppliers, Ilam | 42,98,640.91 |
| IDO-JHP/W/NCB/ MR-62/080-81 | Upgrading of Various Road within Suryodaya Municipality wada Number-4, Ilam | M/S Raj Prajjwal Suppliers and Construction Pvt Ltd, Ilam | 32,31,851.94 |

कार्यालय प्रमुख

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# श्रम तथा रोजगार मन्त्रालय खारेज गर


देशमा रोजगारीको वातावरण नभएको होइन । तर व्यवस्थित रोजगार हुन नसक्दा युवाहरू दैनिक विदेश भासिरहेका छन् । देश बिहान ढिला उठ्छ । राति ८ नबज्दै प्रहरी लगाएर सरकारले नै सटर बन्द गर्न लगाउँछ । थोरै अवधिको कामले न त उद्योगीले कामदारलाई पुग्दो तलब दिन सक्छ न त उद्योगलाई नै दिगो बनाउन सकिन्छ ।

यही कारण हरेक पाइलामा युवा ठोक्किने विदेशमा नै हुन्, त्यो पनि कामकै लागि । देशमा रोजगार व्यवस्थित नभएपछि नेपाली युवा जनशक्ति कमाईका लागि विदेशिन बाध्य छन् । सरकार युवाको पसिना भित्रिँदा 'रेमिट्यान्स'को एसी चलाएर मन्त्रालयमा मस्तराम बधाई थाप्छ । यही देखाउँदै देशको अर्थतन्त्र सुध्रियो भन्दै गफ छाँटिन्छ । तर कुनै बेला रहरको पेशा अहिले बाध्यता बनेको छ । पुराना गन्तव्यमा कमाइ कम हुन थालेपनि नयाँ नयाँ श्रम गन्तव्य दलालहरूले भेट्छन् । राम्रो कमाईको आशामा सरकारले श्रम स्विकृति नदिएको देशमा लुकिछिपी पुग्छन् युवाहरू ।

पछिल्लो उदाहरण हो रसिया । जहाँ नेपालीहरू युद्धको मैदानबाटै उद्धारको गुहार मागिरहेका छन् । तर सरकारलाई चासो छैन उनीहरूको उद्धारमा । किनभने रेमिट्यान्सको पैसाले किनेको एसीमा बस्नेहरू सोच्छन् – पैसा कमाउन गैरकानुनी बाटोबाट गएकाहरूलाई किन ल्याउने ? पढाइको नाममा पनि ठुलो संख्यामा काम खोज्दै विदेशिन्छन् युवाहरू । यसरी लाम लाग्दै विदेशिदा सरकारले न त यो विषयलाई व्यवस्थित बनाउन सकेको छ न त यससम्बन्धी कानुन नै गतिलो छ । नेपालीहरू जता पुगे पनि नेपालीबाटै प्रताडित भएर ठगिन्छन् । समयमा प्रक्रिया पुरा नहुने, विभिन्न झन्झटमा फस्नेजस्ता समस्याले श्रमिक आजित हुन्छन् । अझ पटकपटक मन्त्री फेरिने र तिनले थाहै नपाउने गरी नयाँ नयाँ नियम थपिदिँदा श्रममा जाने युवाहरूको धेरैजसो समय यतै अलमलमा बित्छ ।

देशप्रति माया र सद्भाव बढ्ने भनेको प्रणालीगत सुधारले हो । नभए यहाँका पाखापखेरो हेरेर मात्र युवाहरू स्वदेश फर्कने अवस्था छैन । यसैले वैदेशिक रोजगारलाई व्यवस्थित गर्न 'सुपर सुपर' सेन्टरको आवश्यकता देखिन्छ । वैदेशिक रोजगार विभाग, गैरआवासीय नेपाली संघसंस्था, वैदेशिक रोजगार बोर्ड, श्रम स्वीकृतिजस्ता विषय एकै ठाउँबाट हुने व्यवस्था अब सरकारले गर्नुपर्छ । देशमा रोगगार दिन नसक्ने नाममात्रको श्रम तथा रोजगार मन्त्रालय विनाकामको देखिन्छ । त्यसैले यो मन्त्रालय तत्काल खारेज गरी वैदेशिक रोजगार मन्त्रालय खोल्नु उपयुक्त देखिन्छ ।

# कर्णाली : धरोहर–मनोहर



प्रा.डा. राजाराम सुवेदी

"कर्णाली प्रदेशलाई जहिले पनि निर्धो, पछौटे, अविकसित, प्रोत्साहन नपाएको, ठगिएको, केन्द्रबाट उपेक्षित, विकासको गतिमा पछि परेको, सभ्यताको दौडमा पछि परेको, गरिबीले सताइएको, उत्पादनमा न्यूनता भएको, जस्ता विशेषणहरूले पहिचान गराउँदै आइएको छ । तर कर्णालीका उज्याला पक्षका बारेमा मानिसको दृष्टिकोण सकारात्मक रूपले मूल्यांकन गर्ने गरेको कमै भेटिन्छ । 'जुनसुकै बादलमा चाँदीको घेरा हुन्छ' भनेझैं कर्णालीका अनगिन्ति पक्षहरू ज्यादै भरपर्दा र गौरवलाग्दा छन् ।"

कर्णाली प्रदेशको बृहत् स्वरूप भन्नाले राप्ती नदीदेखि महाकाली नदीसम्मको भूभागलाई बुझाउँछ । तर आधुनिक नेपाललाई सात प्रदेशमा विभाजन गर्दा कर्णाली प्रदेशको आकार सानो बन्न गएको छ । त्यसपूर्व पञ्चायतकालभर महाकाली, कर्णाली र भेरी अञ्चल भन्ने छुट्टै प्रशासनिक एकाइहरू थिए । कर्णाली प्रदेशलाई जहिले पनि निर्धो, पछौटे, अविकसित, प्रोत्साहन नपाएको, ठगिएको, केन्द्रबाट उपेक्षित, विकासको गतिमा पछि परेको, सभ्यताको दौडमा पछि परेको, गरिबीले सताइएको, उत्पादनमा न्यूनता भएको, जस्ता विशेषणहरूले पहिचान गराउँदै आइएको छ । तर कर्णालीका उज्याला पक्षका बारेमा मानिसको दृष्टिकोण सकारात्मक रूपले मूल्यांकन गर्ने गरेको कमै भेटिन्छ । 'जुनसुकै बादलमा चाँदीको घेरा हुन्छ' भनेझैं कर्णालीका अनगिन्ति पक्षहरू ज्यादै भरपर्दा र गौरवलाग्दा छन् ।

मानिसको स्वभाव सकारात्मकभन्दा नकारात्मकतातिर छिटो आकर्षित हुँदा अरूको टीकाटिप्पणीमा समय खेर फाल्ने गरेको देखिन्छ । हाम्रा सञ्चार समूह, पत्रकार तथा लेखक महोदयहरूले पनि सकारात्मकताभन्दा नकारात्मक, सिर्जनाभन्दा ध्वंश, उन्नतिमाभन्दा अरूले दुःख सुखपूर्वक गरेको प्रगतिमाथि नकारात्मक पक्षलाई दृष्टि दिने हुनाले समाजमा असन्तोषको विजारोपण विद्यालय तहदेखि हुँदै गएको पाइन्छ । बरू त्यसलाई सुझाव, समाधान, निर्देशन, सन्देश, निर्माणात्मक, सिर्जनात्मक, सुधारात्मक र सुखद परिणाम निस्कने उपायहरूको मार्ग प्रदान गर्न सकेमा समाजमा आपसी द्वेष कम हुन सक्ने, समाजमा सुख शान्ति र अमनचयन कायम हुन सक्ने देखिन्छ । यसै प्रसंगमा कर्णाली प्रदेशमा के-कस्ता अमूल्य सम्पदाहरूको अवस्थिति छ त ? त्यस बारेमा संक्षेपमा चर्चा गर्नु सान्दर्भिक नै हुने छ ।

**मूर्त सम्पदा**:

कर्णाली प्रदेश भन्नेबित्तिकै भौगोलिक विकटता, जैविक विविधता मनोरम प्राकृतिक स्थलहरूको चित्र, मानव सभ्यता तथा सांस्कृतिक वैभवको स्मरण मानसपटलमा आइहाल्छ । मध्यकालीन कर्णाली प्रदेश वर्तमानकालमा राज्यको पुनर्संरचनाका क्रममा राजनीतिक सीमाको बाँडफाँडका कारण ५ नं. प्रदेशको केही भाग, प्रदेश नं ६ र ७ को पूरै भाग पर्दछ ।

हाम्रो अध्ययन बृहत् कर्णाली प्रदेशको रहेको छ र यस प्रदेशलाई हिमाली, उच्च पहाडी र केही तराई भागले ओगटेको छ, त्यसै विकटताका कारणबाट हुन सक्छ, विकासको गतिमा नेपालका अन्य प्रदेशहरूका तुलनामा यस प्रदेशले त्यति फड्को लिन नसकेको देखिन्छ । तर वास्तवमा बुझेर अध्ययन गर्ने हो भने प्राकृतिक तथा सांस्कृतिक वैभवका दृष्टिबाट यो प्रदेश निक्कै सम्पन्न मानिन्छ । अझ भन्नु पर्दा यो प्रदेशलाई प्रच्छन्न प्राकृतिक र सांस्कृतिक सम्पदाको भण्डार भने पनि अतिरञ्जित हुने छैन ।

प्राकृतिक सम्पदा भन्नासाथ यस प्रदेशमा रहेका नदी, झरना, तालतलैया, लेकाली भाग, हिमाली भाग, हिमाली घाँटीहरू, हिँउपहिराहरू, प्राकृत ज्वालाहरू, खनिजहरू, जंगल, हिमनदी, हिमताल, माटो, चट्टान, धरातल, तातोपानी, हिमचुचुरा, जीवजन्तु, प्राकृतिक बोटहरू (जडीबुटीहरू) र मानवोपयोगी खेतीपाती, जलस्रोत, प्राकृत कच्चापदार्थमा आधारित उद्योग, वातावरणीय प्रयोग, हावाहुरी, घाम, झरी, बादल, प्राकृत कोप तथा यसको परिणाम आदि पर्दछन् ।

सांस्कृतिक सम्पदा भन्नाले मानवले निरन्तर अभ्यास गरेका, निर्माण गरेका, आफ्ना पूर्वजहरूले मनाइ आएका रीतिरिवाजहरू, चाडपर्व, मेला, जात्राहरू, पूजा, स्मृतिस्वरूप आवृत्ति गरिएका लोक चलन, भजन र लौकिक परम्पराहरू, गेय, नृत्य, हावभावहरू, पारम्पारिक संगीत र वाद्यवादनका उपकरणहरू, प्राचीन वस्त्राभूषण, तथा युद्धका उपकरणहरू, वीरपूजाको परम्परा, दैनन्दनि प्रयुक्त सामग्रीहरू, खाद्य परिकारहरू, समुदायिक, जातीय, वर्गीय शिष्टाचार र मर्यादाहरू, स्वतस्फूर्तरूपमा यथारूपमा संरक्षित जीवित परम्पराहरू नै यस प्रदेशका अमूल्य निधिहरू मानिन्छन् । यी सम्पदाहरू केवल सांस्कृतिक सम्पदामात्र नभई पर्यटकीय गन्तव्यस्थलका रूपमा पनि उच्च मानिन्छन् ।

**अमूर्त सम्पदा**:

संस्कृतिले प्राचीन मानव सभ्यताको प्रतिनिधित्व गरेको पाइन्छ । प्रत्येक क्षेत्रका मानवको सभ्यता त्यस भेगका बासिन्दाको जातजाति, समुदाय, रीतिरिवाज, लुगा, परिधान, खानपानजस्ता सांस्कृतिक निधिहरूबाट निर्देशित भएको समय सीमालाई प्रतिनिधित्व गरेको हुन्छ । नेपाली इतिहासको प्राचीनकाल, पूर्वमध्यकाल, उत्तरमध्यकाल र आधुनिककालमा नेपाली संस्कृतिको विकास क्रमबद्धरूपमा भई आएको छ । त्यसै सन्दर्भमा कर्णाली प्रदेशमा पनि आफ्नै मौलिक किसिमको संस्कृति भौगोलिक धरातलका आधारमा विकसित हुँदै आएको देखिन्छ ।

कर्णाली प्रदेशमा शिक्षित वर्गले (ब्राह्मण) पनि कृषि, पशुपालन, व्यापार, उद्योग आदि गरेका, क्षत्रीयले व्यापार, जंगीतर्फको जागिर, पशुपालन, ठेक्कापट्टा, लेखापढी, सभामा न्याय दिने आदि गर्दथे । वैश्य जातिको काम सबैले गरिआएको व्यावसायिक काम गर्दथे भने शुद्रहरूले आ-आफ्ना पुर्खाहरूले गरिआएको समाजसेवाको काम गर्दथे । त्यो परम्परा वर्तमानकालसम्म पनि केही हदसम्म कायमै रहेको पाइन्छ । आजकल शुद्र जातिले गर्दै आएको कलाकारिताको काम तागाधारीले गरिआएको र आफ्नै पैतृक पेसा गरिआएकाहरू त्यसबाट जीविका नहुने देखेर पेसा परिवर्तन गरेर आर्जनमुखी पेसा अँगाल्न थालेका छन् ।

पुरोहित वर्गले परम्परागत पेसाका साथै क्षत्री, वैश्य र शुद्रवत् पेसा अंगीकार गरेको देखिन्छ । यद्यपि उनीहरूले आफ्नो परम्परागत संस्कृतिलाई पूर्णतः परित्याग गरेका भने छैनन् । उदाहरणका लागि नवजात शिशुको नामकरण, पास्नी, चुडाकर्म, व्रतबन्ध, विवाह, मृत्यु संस्कार आदिलाई लिन सकिन्छ । र, सबै जातजातिले पनि ती संस्कारहरूलाई मान्यता गर्दै आएका हुनाले सबैको संस्कारमा समानताको पुट पाइन्छ । वर्तमानकालमा सबैजसो जाति धूमपान, मद्यपान, लागुऔषध सेवन, कुवृत्ति र कुनियत हटाउनमा लागि परेका देखिन्छन् ।

त्यस कार्यमा राजनीतिक दलहरूले पनि सहयोग पुऱ्याउनुपर्ने कुरा पनि सबैले महसुस गरेका छन् । पहिलेका पुर्खाहरूकाझैं साह्रै दुःख गर्न छोडेर सुखको बाटो लाग्न खोज्नु परिवर्तित मानवीय स्वभाव नै हो । पहिलेका शासक, सामन्तीहरू, भारदार र सम्भ्रान्त जातिहरूको धनीमानी व्याभिचारी प्रवृत्ति, तस्करहरूको चरित्र, क्रमशः उदांगो हुँदै गएका छन् र समाजमा परिश्रम गरेर खानुपर्ने कुराको वातावरण बनिरहेको देखिन्छ ।

पुरुषप्रधान समाजमा पनि नारीहरूको योगदानको मूल्यांकन गर्न थालिएको र नारीहरूले आदिमकालबाट समाजको अस्तित्वका निम्ति गरेको सहनशीलता र परिश्रमको मूल्यांकन हुन थालेको छ । कर्णाली प्रदेशमा मध्यकालमा आफ्ना सन्तानलाई बेच्ने, बाँधा राख्ने, छोरी बेच्ने, बुहारी किन्ने, देवकी चढाउने, जारी तिर्ने, बालविवाह गर्ने, राक्षशी विवाह गर्ने, बादीबदेनी, भाँडभँडेनी भनी नीच पेसामा धकेल्ने जस्ता परम्पराहरूको प्रायः उन्मूलन भइसकेको अवस्था आएको छ । कन्याले आफ्नो वर आफैंले रोज्न पाउने, मनपरेकासँग विवाह गर्न पाउने आदिम वैदिककालीन समाजको प्रचलन बढ्दै नयाँ युगको उदय कर्णाली प्रदेशमा पनि भइरहेको छ ।

कर्णली प्रदेशमा आधुनिक शिक्षाको प्रचार तीव्र गतिमा भइरहेको छ र सबै जातिका बालबालिका विद्यालय र महाविद्यालयमा पढ्न गएका छन् । तर ती सबैले आ-आफ्ना घरपरिवार, छरछिमेक र इष्टमित्रबाहेक सांस्कृतिक शिक्षा आर्जन गर्नर अवसरलाई सरकारले पाठ्यक्रमबाट झिकेर, वञ्चित गर्दै गरेकोले गम्भीर चिन्ताको विषय भइरहेको छ ।

अब आएर नेपालका सातै प्रदेशहरूले आफ्नो प्रदेशव्यापी शिक्षाको मौलिक पाठ्यक्रमा निर्माण गर्दा आफ्नो पारम्पारिक, वैज्ञानिक, प्रमाणिक संस्कृतिलाई पुनः समावेश गर्नुपर्ने अपरिहार्यता भएको देखिन्छ । कर्णाली प्रदेशमा ब्राह्मण, ठकुरी, क्षत्री, भाट, धामी, दशनामी, सन्यासी, कनफट्टा, पावै, हुम्ली, ख्याम्पा, जाड्या, नेवार, थारु, गुराउ, धानुक, मुसहर, बिटालू (सुनार, कामी, सार्की, ढोली, डुम्, पातर, पार्की, ओड, चुनारा, वर्तमानमा दलित मानिएका), मित्रा, आदिको बसोबास रहेको छ र तीमध्ये संख्याको दृष्टिबाट विचार गर्दा ब्राह्मण र ठकुरीको संख्या बढी नै छ । त्यसो हुनुको कारण कर्णाली प्रदेश मूलतः प्राचीनकालबाटै खसान क्षेत्र हुनाले नै हो ।

त्यस प्रदेशमा बसोबास गर्ने अल्पसंख्यकको आवादीमा दशनामी, सन्यासी, कनफट्टा, पातर र भाटहरू रहेका छन् । यस प्रदेशमा विविध हावापानी, धरातलीय भिन्नता तथा संस्कृतिक विविधताका कारण मानिसको पेसा, परिधान, शारीरिक बनोट, रूप, रङ, आनिबानी, लेनदेन, बिहाबारीको किसिम पनि एक आपसमा पृथक रहेको पाइन्छ । त्यस प्रकारको पार्थक्यमा एक जातिको स्वभाव, संस्कार, भाषा, जीवनवृत्ति, पेसा, शिष्टाचार, नित्य प्रयोगका सामानहरू, स्थानीय देवीदेवताहरू, पूजापाठ, अर्चना विधि, कुलपूजा, दोषवयू, गृहदेवता, पेसा, मन्दिरको वनोट, घर र टोलको वनोट, जनविश्वास, क्षेत्र, गहना र भेषभूषा, विवाह पद्धति आदिमा आपसमा केही भिन्नता भएको महसुस गर्न सकिन्छ ।

कर्णाली प्रदेशमा बसोबास गर्नेहरूबीच एकता बनाइरहने तत्त्व हो, सबैका साझा देवता मष्टा कुलदेवताको मान्यता । ती कुलदेवता मष्टाले मानव जीवनमा आइपर्ने प्रत्येक पक्षमा सहयोग गर्दछन्, उदाहरणका लागि भूत, प्रेत भँयाउनी लागेमा, पैशाचिक प्रकोप भएमा, चौपायाको धन वृद्धि गर्ने इच्छा भएमा, रोगव्याधीले अत्याएमा औषधिमुलो गर्नुपरेमा, खेतीबालीबाट सहकाल ल्याउनु परेमा, अतिवृष्टि, अनावृष्टि रोक्नु परेमा, सन्तान नभएमा, असल सन्तान बनाउनु परेमा, विदेसिएका आफन्तको निधो, पत्ता तथा छिटो घर फर्काउनु परेमा, र चारैतिर शुभ हुनका निम्ति र त्यसबाट छुटकारा लिन, चोखी नीतिपूर्वका श्री मष्टा देवताको पर्वमा र आवश्यक परेका बेलामा, विधिवत् पूजा गर्ने, मष्टाका धामी बसाल्ने, धामी पतुर्न लगाएर उनका मुखबाट देवभाषामा आशीर्वाद लिने र उनले देवता चढेको बेलामा देवभाषामा व्यक्त गरेका कुरा जस्ताको तस्तै पालना गरिनु र अपेक्षित सुधार हुँदै जानु आदि हुन् ।

(इतिहासकार तथा प्राध्यापक डा. सुवेदीले 'कुडा कर्णालीका' मा व्यक्त विद्वत प्रवचन । प्रवचनको बाँकी अंश अर्को अंकमा प्रकाशन गरिने छ । - सं

मननयोग्य

## चाणक्य नीति

चाणक्यले क्रोधले उम्लिदै गर्जेर भने- 'जसलाई मैले राजा बनाएँ । मलाई आज पदच्युत गर्ने धम्की दिँदैछ । पदच्युत हुने डर त्यसलाई हुन्छ । जो अधिकारको इच्छा राख्छ । यो लेऊ तिम्रो अधिकार भन्दै अधिकार चिह्न फ्याक्दै तीव्र गतिले दरबारदेखि बाहिर निस्के ।'

उता चाणक्य र चन्द्रगुप्तका बीचको मतभेदको सूचना शत्रुलाई पनि प्राप्त भयो । राक्षस यो अवसरको फाइदा लिन चाहन्थे ।

उनी कुमार मलयकेतुसहित आफ्ना अरू मित्र राजाहरूसँग युद्धको योजना बनाउन लागे यता राक्षस युद्धको योजनामा अलमलिए, उता चाणक्यको एउटा गुप्तचर मलयकेतुको राज्यमा पक्राउ पऱ्यो ।

पकडिनु के थियो, चाणक्यको योजनाअनुसार गुप्तचर आफै बन्दी बनेको थियो । उसलाई मलयकेतुका अगाडि लगियो, आँङ सबै खोतल्दा उसबाट एउटा पत्र पाइयो । पत्रमा राक्षसको हस्ताक्षर र राजमुद्राको छाप लागेको थियो ।

पत्रबमोजिम राक्षसले चन्द्रगुप्तलाई लेखेको थियो- ' तपाईले चाणक्यलाई हटाई प्रशंसनीय काम गर्नुभयो म खुसी छु तपाईले मलाई महामात्य बनाउने प्रस्ताव गर्नुभएकोमा त्यो हर्ष स्वीकार गर्दछु, मलयकेतुलाई हराउन म तपाईलाई सहयोग गर्नेछ । यसका लागि तपाईले मलयकेतुको हत्या गरी पन्चनन्द राज्य ती पांचलाई दनुपर्छ ।

मलयकेतुले पत्र पढे, अविवेकले आफ्नो सन्तुलन हराए। रिसले फुकार्दै भन- 'विश्वासघाती !' मेरो नै राज्य लिन चाहन्छ भन्दै केही नसोची ती पांचको उनको शिविरमा गएर हत्या गरे र राक्षसलाई आफूअगाडि उपस्थित हुने आज्ञा दिए ।

चाणक्यको जाली पत्रको योजना सफल भयो । चन्द्रगुप्तका शत्रु परस्परमा लडी समाप्त भए ।

यता राक्षसले मलयकेतुसँग मिलेर रक्तपातको कारण जान्न चाहे । विश्वास गर्न चाहानछौ ? ल पढ यो आफ्नो चिट्ठी जुन चन्द्रगुप्तको हातमा पुऱ्याउन चाहन्थ्यौध ।

राक्षसले चिठी हेरेर झ्वाट्ट सम्झे यो चाणक्यको कुनै योजना राक्षसले मलयकेतुलाई धेरै विश्वास दिलाए, तर अविश्वासको टुसा मनमा बसेको थियो । उसलाई निकाल्न अब सम्भव थिएन । उसमाथि रिस र अविवेकको लेउ लागिसकेको थियो ।

रिसले युक्त भई त्यही स्वरमा मलयकेतुने मलाई मूर्ख ठान्छौ ? तिमी ब्राह्मण हो, बस यही कारणले जीवित छोड्छु । यहाँबाट जाऊ । राक्षसले पनि सोचे यस्ता मूर्खलाई सम्झाउनु व्यर्थ छ । निराश भई राक्षस कुनै अज्ञात स्थानतिर गए ।

केही दिनपछि चन्द्रगुप्त रे आचार्य चाणक्य एकअर्कासँग भेटिए । चाणक्यले भने- 'यस ब्राह्मणको काम सकियो । क्रमशः

# 'परिवारवाद'को चपेटामा माओवादी

"दाहालले यो समेत तेस्रोपटक प्रधानमन्त्रीको कार्यकाल सम्हाल्दै गर्दा उनका केही सल्लाहकारहरूले उनको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गर्दै राजीनामा दिइसकेका छन् । के यसबाट पनि अध्यक्ष एवं प्रधानमन्त्री दाहालले केही पाठ नसिक्ने ? सीमित स्वार्थ समूहको घेरोमा रमाएर बसिरहने कि फेरि पनि केन्द्रीय समिति बैठक डाकेर ' हामी बिग्रियौं, म बिग्रिएँ, अब सुध्रिन्छु' मात्र भनिरहने ?"



फणीन्द्र फुयाल "ज्वाला"

नेकपा माओवादी केन्द्रको हरेकपटक हुने केन्द्रीय समिति बैठकमा अध्यक्ष पुष्पकमल दाहाल सुरूमै आत्मालोचित हुँदै भन्छन्, हामी बिग्रिएका छौं, हामी सच्चिन्छौं । त्यो काम म आफैंबाट सुरू गर्छु ।'

अफ्नो 'सुप्रिमो'ले यति भनिसकेपछि उपस्थित सबै केन्द्रीय सदस्यहरू परर... ताली पिट्छन्, र औपचारिक रूपमा केही दिन बैठक चल्छ र सकिन्छ । जब बैठक सकिन्छ अनि सुरू हुन्छ पुरानै शैली र व्यवहार । माओवादी केन्द्रले १० वर्षे जनयुद्ध औपचारिक रूपमा विश्राम गरी शान्ति प्रक्रियामा आएयता गठन भएका अधिकांश सरकारमा माओवादी सहभागी छ । माओवादी पटक-पटक भन्छ, 'हामीले चामल बिक्री गर्न सकेनौं, अरूले पिठोसमेत बिक्री गरे ।' यसको मतलव माओवादीले गरेका राम्रा काम जनताकाबीचमा पुऱ्याउन सकिएन भन्ने उसको गुनासो हो ।

तर किन माओवादी बिग्रियो ? आफू बिग्रिएको कुरा थाहा पाएर पनि माओवादी किन सुध्रिएन ? उसो भए माओवादी अब कहिले सुध्रन्छ त ? कि माओवादीको पहिचान नै यस्तै हो ? यी र यस्ता यावत् प्रश्न यतिबेला माओवादी पार्टीका सदस्य, शुभचिन्तक मात्र होइन, जनताकाबीचमा पनि घुमिरहेका छन् । यसको पहिलो जड माओवादीभित्र झाँगिदै गएको परिवारवाद नै हो भनेर ठोकुवा गर्न सकिन्छ । माओवादी अध्यक्ष दाहाल परिवारवादमा फस्दै जानु, जनयुद्धका बेला गरिएका वाचा बिर्सनु, नीति र सिद्धान्त बिराउनु अनि भ्रष्ट आचरण भएकाहरूलाई संरक्षण गर्नु नै माओवादीका विकृत पक्ष हुन् । हुँदाहुँदा पार्टीको नाम नै परिवर्तन गरेर अगाडि बढ्न पार्टीभित्रकै केही 'हितैषि'हरूले सुझाव दिनु र उक्त सुझावको पछि लाग्न उत्प्रेरित हुनु, पार्टीलाई एउटा निजी क्लबजस्तो बनाउनु, फरक मत र विचार राख्नेहरूलाई दपेटेर भित्तामा पुऱ्याउँदै सिध्याउनु जस्ता कार्य माओवादी पार्टीका 'सुप्रिमो'को व्यक्तिगत जीवनका लागि त राम्रो होला तर हिजो हत्केलामा ज्यानको बाजी राखेर हिँडेका सच्चा माओवादीहरू र माओवादीको सरकारले केही राम्रो गर्ला कि भन्ने आशामा बसेका जनताका लागि यो 'आत्मघाती गोल' सरह हुने छ । शान्ति प्रक्रियामा आएपछि मात्र सत्ताका लागि चलखेलमा बढी ध्यान केन्द्रित हुँदा हिजो माओवादीले सञ्चालन गरेको जनयुद्धमा सँगै लडेका नेताहरू यतिबेला छिन्नभिन्न अवस्थामा पुगेका हुन् । गत वर्षको आमनिर्वाचनमा माओवादी प्रत्यक्षतर्फ मात्र १८ सिटमा विजयी हुनु के यसैको परिणाम होइन र ?

दाहालले यो समेत तेस्रोपटक प्रधानमन्त्रीको कार्यकाल सम्हाल्दै गर्दा उनका केही सल्लाहकार हरूले उनको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गर्दै राजीनामा दिइसकेका छन् । के यसबाट पनि अध्यक्ष एवं प्रधानमन्त्री दाहालले केही पाठ नसिक्ने ? सीमित स्वार्थ समूहको घेरोमा रमाएर बसिरहने कि फेरि पनि केन्द्रीय समिति बैठक डाकेर 'हामी बिग्रियौं, म बिग्रिएँ, अब सुध्रिन्छु' मात्र भनिरहने ?

यसर्थ आफ्ना 'अन्धभक्त'हरूलाई मात्र पद बाँड्नुभन्दा सत्यलाई आत्मसात् गरेर, आचोचनालाई पाठका रूपमा ग्रहण गरेर अगाडि बढ्न सकेको खण्डमा जनताले सुखी र राष्ट्रले समृद्ध भएको आभाष प्राप्त गर्ला कि !

## पृष्ठ १ बाट क्रमशः

### कोशी...

**बागमतीमा कांग्रेसको दाउ**

यहाँ कांग्रेस, जनमत पार्टी, लोसपालगायत दलले सरकार गठन गर्न सक्ने अवस्था छैन । ११० सदस्यीय बागमती प्रदेशमा सरकार पुनर्गठनका लागि भने जटिलता छ ।

बहुमतका पुऱ्याएर सरकार गठनका लागि ५६ जना सांसदको समर्थन चाहिन्छ । त्यहाँ एमालेको २७ जना, माओवादीको २१ जना र नेकपा एसको ७ जना गरी ५५ जना सांसद छन् । एक जना पुग्दैन । स्रोतका अनुसार त्यहाँ हाम्रो नेपाली पार्टीलाई सरकारमा सहभागी हुन गठबन्धन दलका नेताहरूले फकाउन थालेको छ । यस दलसँग दुई सिट छ । जुन गठबन्धन वा कांग्रेस नेतृत्वमा सरकार गठनका लागि निर्णायक सिट हो । हाल त्यहाँ माओवादीका नेता शालिग्राम जमकट्टेल नेतृत्वको सरकार छ ।

**गण्डकीमा मुश्किल**

६२ सदस्यीय गण्डकी प्रदेशमा सरकार गठनका लागि ३२ सांसद चाहिन्छ । यहाँ एमालेको २२ जना र माओवादीको ८ जना तथा नेकपा एसको १ जना सांसद छन् । यी तीन दलको सांसद संख्या ३१ जना हो । जुन सरकार गठनका लागि एक जना सांसद अभाव हो । यहाँ दुई सांसद रहेको राप्रपालाई सरकारमा ल्याइएन भने सरकार गठन असम्भव छ । प्रदेश संसद्मा कांग्रेससँग २७ जना सांसद छ । सरकार गठनका लागि कांग्रेसलाई यहाँ पाँच जना सांसद अभाव हो । यहाँ राप्रपाले गठबन्धनलाई समर्थन गर्न सक्ने सम्भावना छ । किनभने राप्रपाले केन्द्रमा प्रधानमन्त्रीलाई समर्थन नगर्ने र विश्वासको मत पनि नदिने निर्णय गरेको अवस्थाबीच प्रदेशमा भने समर्थन गर्ने आशयको निर्णय गरेको छ । त्यहाँ राप्रपाको एक सिटले वर्तमान सत्ता गठबनधन टिक्ने छ । सरकार पुनर्गठन हुने छ । माओवादीबाट मुख्यमन्त्रीमा दाबेदार मानिएका संसदीय दलका नेता हरिबहादुर चुमानले राप्रपासँग सहकार्यको प्रस्ताव गर्न बाँकी रहेको बताए । उनका अनुसार राप्रपाले प्रस्ताव स्वीकारे प्रदेशमा सरकार गठन हुन्छ ।

**लुम्बिनीमा सहज**

८७ सिट रहेको लुम्बिनी प्रदेशमा नेकपा सरकार गठनका लागि ४४ सिट आवश्यक हुन्छ । यहाँ गठबन्धनको मुख्य दल एमालेसँग २९, माओवादीसँग ११, नागरिक उन्मुक्तिसँग चार, जसपासँग तीन जना र नेकपा एससँग गरी ४८ जना सांसद छन् । यो भनेको सरकार गठनका लागि आवश्यकताभन्दा बढी सांसद संख्या हो । यहाँ कांग्रेसका डिल्ली चौधरी मुख्यमन्त्री छन् । तर, त्यहाँ नाउपाका चार जना सांसदले के गठबन्धनलाई नै समर्थन गर्छन् कि गर्दैनन् ? टुंगो छैन । किनभने नाउपाका अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरी र संरक्षक रेशमलाल चौधरीबीच बेमेल सिर्जना भएको छ । यद्यपि, बुधबार केन्द्र सरकारमा प्रधानमन्त्री दाहाललाई नाउपाका चारै जना सांसदले विश्वासको मत दिए । लुम्बिनीमा चाहिँ विश्वासको मत दिने र गठबन्धनमा नाउपाका सांसदहरू रहन्छन् कि रहँदैनन् भन्ने निश्चित छैन । रेशमले त्यहाँ नाउपाका सांसदलाई कांग्रेस नेतृत्वको सरकारमा पठाउने चाहना राखेका छन् । रञ्जिताको भने त्यस्तो छैन ।

लुम्बिनीको छिमेकी प्रदेश कर्णालीमा भने गठबन्धनले सरकार सहजै बनाउने भएको छ । ४० सिट रहेको प्रदेशमा सरकार गठनका लागि २१ सांसद चाहिन्छ । त्यहाँ माओवादीको १३ र एमालेको १० जना सांसद छन् । यी दुई दलकै सांसद संख्या २३ छ । यसमा नेकपा एसको एक जना सांसद थपिँदा २४ सांसद पुग्छ । यहाँ पनि गठबन्धनको सरकार बन्ने निश्चित देखिएको छ ।

**सुदूरपश्चिममा नागरिक उन्मुक्तिको भर**

सुदूरपश्चिम प्रदेशमा नयाँ गठबन्धनको सरकार बन्न नागरिक उन्मुक्तिको भर पर्नुपर्नेछ । ५३ सदस्यीय प्रदेश संसद्मा २७ जना सांसद सरकार गठनका लागि आवश्यक हुन्छ । यहाँ माओवादीसँग ११, एमालेसँग १०, नागरिक उन्मुक्तिसँग सात जना र नेकपा एससँग चार जना सांसद छन् । यी दलसँग ३२ जना सांसद छन् । तर, सरकारमा मुख्यमन्त्री चाहिँ कुन दलको हुन्छ ? स्पष्ट छैन । नाउपा सांसद अरुणकुमार चौधरीका अनुसार भने मंगलबार नै गठबन्धन दलहरूसँग सुदूरपश्चिममा सरकारको नेतृत्व नाउपाले गर्ने समझदारी भएको बताए । उसो त यहाँ यसअघि पनि नाउपाले मुख्यमन्त्री मागेको थियो । त्यसबेला दिएन । यसपटक भने नेताहरू सकारात्मक रहेको चौधरीले बताए । यहाँ कांग्रेसको १९ जना सांसद छन् । एक जना स्वतन्त्र सांसद छन् ।

---

### श्री मिन बहादुर रोकायको नाउँको १५ दिने सूचना

हेम कुमारी अधिकारीको नाममा रहेको का.जि.म.न.पा वडा नं. २९ हाल का.म.पा हाल वडा नं. २६ रहेको घर भाडा लिइ बस्दै आएका बेलडांगी गा.पा. वडा नं. १ घर भएका मिन बहादुर रोकाय (मिलन)ले २०८० वैशाखमा कोठा बहालमा लिएको र असोज महिना देखि बहाल नदिइ सम्पर्कमा समेत नरहेकाले हाल सम्मको वहाल रकम असुलउपर गरि घर खाली गरिदिन हेम कुमारी अधिकारीले निवेदन दिनुभएको हुँदा सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र कोठाको वहाल बुझाई खाली गरिदिन उक्त सूचना प्रकाशित गरिएको छ । अन्यथा कानुन बमोजिम हुने जानकारी गराइन्छ ।

---

### प्रमाण पत्र हरएको सूचना

मिति २०८०-११-११ गते बल्खु देखि त्रिपुरेश्वर सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली माइग्रेशन सर्टिफिकेट हराएको हँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Dinesh Subedi
कलेज नाम : Cambridge H.S. School
ठेगाना.: Kuleshwor, Kathmandu, Nepal
रजिष्ट्रेशन नं: 632778021
सिम्बोल नं.: 932655
फोन नं.: 9702649484

---

## बलम्बु माध्यमिक विद्यालय
### बलम्बु, काठमाडौं

### शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मिति २०८०/१२/०१)

बलम्बु माध्यमिक विद्यालय, बलम्बु, काठमाडौंबाट तपसिलमा उल्लेखित योजना शिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले इजाजत प्राप्त कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । चालु आ.व. को लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर तथा मु.अ. कर दर्ता प्रमाणपत्र र आ.व. २०७९/८० को कर चुक्ता गरेको पत्रको प्रतिलिपि र बैंक जमानत राख्नेको हकमा 'क' वर्गमा सूचिकृत बैंकबाट जारी गरिएको जमानत संलग्न राखी प्रोप्राईटर स्वयं वा निजको अधिकारिक प्रतिनिधिले दरभाउपत्रमा दस्तखत गरी पेश गर्न सकिनेछ र दरभाउपत्र यस विधालयको प्रसाशनबाट खरिद गर्न सकिनेछ ।

| सि.न. | आवश्यकता सम्बन्धी विवरण | विवरण |
|---|---|---|
| १. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | २०८०/१२/१५ दिनको १६:०० बजे |
| २. | दरभाउपत्र बापतको दस्तुर | रु.१,०००.०० (फिर्ता नहुने) |
| ३. | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति | २०८०/१२/१६ दिनको १२:०० बजे |
| ४. | दरभाउपत्र खोल्ने अन्तिम मिति | २०८०/१२/१६ दिनको १:०० बजे |
| ५. | नगद धरौटी जम्मा गर्नेको हकमा बैंक र खाता न. | नेपाल बैंक लि, च हि न ००२००१००५०६३९४००००१ |

| सि.न. | खरीद संख्या | आयोजना/कामको नाम | जमानत रकम रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| 1 | BM/SQ/01/2080/81 | Construction of Truss at Balambu School of Chandragiri – 12, Balambu, Kathmandu | NRs 35,000.00 | NRs 1,000.00 |

प्रधानाध्यापक, बलम्बु माध्यमिक विद्यालय

---

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALIGN TEAM LLC
पूर्व स्वीकृति मिति २०८०/०९/२२ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/३० LT. No.297664 चलानी नं.६०२१२७३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 44 | 24 | 900 | ३२,४७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Filling Clerk | 10 | 0 | 1400 | ५०,५१० | | | | | | | |
| 3 | Helper | 4 | 0 | 900 | ३२,४७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत ८ गते (21st Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd. श्रम इजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

---

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DAR AL JADEER TECH. CONT. LLC
पूर्व स्वीकृति मिति २०८०/११/३० LT. No. 301505 चलानी नं.६०२१६४३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४३,३१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 2 | 0 | 1200 | ४३,३१० | | | | | | | |
| 3 | Plumber | 2 | 0 | 1200 | ४३,३१० | | | | | | | |
| 4 | Stone Mason | 2 | 0 | 1200 | ४३,३१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत ८ गते (21st Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Indigo Overseas Pvt. Ltd.
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955
Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

---

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUE OCEAN RESTAURANT
पूर्व स्वीकृति मिति २०८०/०१/२५ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/३० LT. No. 285671 चलानी नं. ६०२०१०७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत ८ गते (21st Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.
श्रम ईजाजत नं. १४५५/०७४/०७५
Dhapasi-9, Basundhara Tole, Kathmandu,Tel: +997-1-4356889

---

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EURO MECHANICAL AND ELECTRICAL CONTRACTING COMPANY LLC
पूर्व स्वीकृति मिति : २०८०/११/३० LT. No. 301527 चलानी नं. ६०२१६३६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Assistant | 20 | 0 | 1100 | ३९,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Factory Worker | 20 | 0 | 1100 | ३९,७०० | | | | | | | |
| 3 | Gas Turbine Operator | 20 | 0 | 1500 | ५४,१४० | | | | | | | |
| 4 | Heat Metal Assistant | 20 | 0 | 1100 | ३९,७०० | | | | | | | |
| 5 | Stock Filler | 20 | 0 | 1200 | ४३,३१० | | | | | | | |
| 6 | Turner Assistant | 20 | 0 | 1200 | ४३,३१० | | | | | | | |
| 7 | Welder Assistant | 20 | 0 | 1100 | ३९,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत ८ गते (21st Mar. 2024) मा हुनेछ । साथै Rigger, Sand blaster, Spray painter को काम जानेको अनुभवी आवेदकलाई Gas Turbine Operator, Stock Filler, Turner Assistant पदमा विशेष प्राथमिकता दिइनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt Lic No. 780/065/066
LOTUS Human Resourse Pvt. Ltd
A Complete Human Resource Company
